**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/२६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्रतिवादी**<br>नगेन्द्र प्रसाद सापकोटा, समेत कूल ९ जना **(**नगेन्द्र प्रसाद सापकोटा, मित्रलाल पाण्डे, प्रेम नारायण पाण्डेय, बेद बहादुर राना मगर, लक्ष्मी भण्डारी न्यौपाने, पदमपानी पाण्डे, सरस्वती पाण्डे, इश्वरा दर्लामी र बल बहादुर न्यौपानेलाई आरोप दावीबाट**)** प्रतिवादीहरु भएको, विशेष अदालत काठमाडौंमा मुद्दा दर्ता मितिः २०८१/१०/२१<br>विशेष अदालत मुद्दा नं.: ०८१-CR-००५६<br>विशेष अदालत फैसला मितिः२०८२।०२।०१ | शिक्षक नियुक्तिमा अनियमितता गरी गैरकानुनी लाभहानी पुर्याउँने बदनियतसाथ भ्रष्टाचार गरेको । | प्रस्तुत मुद्दामा देहाय बमोजिमका राष्ट्रसेवकहरु समेत उपर सजायको मागदाबी लिइएको तथा सोको सम्बन्धमा सम्मानित बिशेष अदालतबाट निम्नानुसारको फैसला भएको अवस्था विद्यमान छः<br><br>१। देउराली माध्यमिक विद्यालय, गुल्मीका तत्कालीन व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र प्रसाद सापकोटा, मित्रलाल पाण्डे, प्रेम नारायण पाण्डेय, बेद बहादुर राना मगर, लक्ष्मी भण्डारी न्यौपाने, पदमपानी पाण्डे, सरस्वती पाण्डे, इश्वरा दर्लामी र बल बहादुर न्यौपानेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र दफा ९ बमोजिमको कसुरमा बिगो रु.८,८७,८८०।- (अक्षेरेपि आठ लाख सतासी हजार आठ सय असी) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो वमोजिम जरिवाना सजाय हुन र सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना समेत सजाय हुन मागदावी लिई आरोप पत्र दायर भएकोमा **विशेष अदालत, काठमाण्डौबाट** **<u>विशेष अदालतको फैसलाः</u>**<br>१. प्रतिवादीहरु नगेन्द्र प्रसाद सापकोटा, मित्रलाल पाण्डे, प्रेम नारायण पाण्डेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम जनही ३ (तीन) महिना कैद र निजहरुले खर्च गरी हानी नोक्सानी गरेको देखिएको बिगो | <u>फैसलाः</u><br>प्रस्तुत मुद्दामा कूल ९ जना प्रतिवादीहरु सबैजनाले आशिक ठहर हुने गरी फैसला भएको अवस्था छ ।<br><br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः</u>**<br>मिति २०७८/०४/०१ देखि मिति २०७८/०९/२९ सम्मको दैनिक हाजिरी किताबमा शिक्षक देवी प्रसाद पन्थले आफ्नो हस्ताक्षर गरेको नदेखिई केवल हा हा हा बेहोरा मात्र जनाएको देखिएको।<br>कालिगण्डकी गाँउपालिकावाट देउराली माध्यमिक विद्यालयको शैक्षिक कार्यक्रम शिर्षक अन्तर्गत निकासा भई आएको रू.४,३२,०००।-(चार लाख बत्तीस हजार) मध्ये रू. ४,२७,५६०।-(चारलाख सत्ताइस हजार पाँच सय साठी) निज शिक्षकको तलव सुविधा वापत भनी खर्च गरिएको भन्ने लेखा परीक्षण प्रतिवेदनवाट देखिएको।<br>अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट अनुसन्धान प्रारम्भ भई पत्राचार भएपछि मात्र अनुदान शिर्षकमा प्राप्त भएको रू.४,५५,८८०।- देउराली माध्यमिक विद्यालयको खातावाट | **क.** गुल्मी जिल्ला, देउराली माध्यमिक विद्यालय, कालिगण्डकी-१, हर्मिचौरका विद्यालय व्यवस्थापन समिति अध्यक्ष नगेन्द्र प्रसाद सापकोटा, विद्यालयका लेखापाल प्रेमनारायण पाण्डेय र शिक्षा शाखा प्रमुख अग्निधर पराजुली समेतले मिलेमतो गरी लामो समयदेखि बेपत्ता रहेका देवी प्रसाद पन्थ नाम गरेको व्यक्तिको कागजात लिई शिक्षकको रुपमा नियुक्ति भएको देखाई, झुट्टा हाजिरी विवरण, झुट्टा तलब बुझेको भरपाई बनाई मिलेमतोमा गाउँपालिकाबाट तलब निकाशा गरी हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरीको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा देउराली माध्यमिक विद्यालय, विद्यालय व्यवस्थापन समितिको मिति २०७८।०३।१८ गतेको निर्णय बमोजिम शिक्षण सिकाइ अनुदान रकमबाट मिति २०७८।०४।०१ गते देखि लागू हुनेगरी देवी प्रसाद पन्थलाई नियुक्ति दिई काममा लगाउने भन्ने निर्णय गरेको देखिन्छ।मिति २०७८ श्रावण १ गतेदेखि लागू हुनेगरी देवी प्रसाद पन्थलाई शिक्षकको रुपमा नियुक्त गरिएको, कोरोना महामारीको कारण विद्यालय नियमित नभएको यद्यपी पौषसम्म हाजिरी रहेको र माघमा पूर्ण रुपमा विद्यालय बन्द भएको सो समयावधिसम्मको हाजिरीको विवरण पेश गरी अनुदान माग गरिएको, माघपछि निज शिक्षक विद्यालयमा उपस्थित नभएको, निज सम्पर्क विहीन भएको जानकारी पाएपछि निजको नाममा प्राप्त भएको रकम कुनै अन्य कार्यमा प्रयोग नभएको, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र सहित गाउँपालिकाको पत्र प्राप्त भएपछि मिति २०८०।०३।३१ गते विद्यालयको खातामा प्राप्त भएको रकम फिर्ता गरिएको देखिएबाट उक्त देउराली माध्यमिक विद्यालयको व्यवस्थापन समितिका अध्यक्ष, शिक्षा शाखा प्रमुख, प्र.अ. लेखापाल समेतले बेपत्ता रहेका देवी प्रसाद पन्थ नाम गरेको व्यक्तिको कागजात लिई शिक्षकको रुपमा नियुक्ति भएको देखाई, झुट्टा हाजिरी विवरण, झुट्टा तलब बुझेको भरपाई बनाई मिलेमतोमा गाउँपालिकाबाट तलब निकाशा गरी हिनामिना गरेको तथ्य स्थापित भएको छ।<br>**ख.** उक्त देउराली माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको तत्कालीन अध्यक्ष नगेन्द्र प्रसाद सापकोटाले अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष गरेको बयानमा देवी प्रसाद पन्थलाई मिति २०७८।०४।०१ गतेदेखि लागु हुने गरी विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम नियुक्त गरिएको हो निजले हाजिर भई काम गरेको होइन भनी बयान लेखाएको देखिन्छ भने विद्यालय कर्मचारी सहायक (लेखा) प्रेम नारायण पाण्डेयले आ.व. २०७८।०७९ र २०७९।८० मा विद्यालयको बैङ्किङ खाता संचालन म र तत्कालीन प्रधानाध्यापक मीत्रलाल पाण्डेबाट हुने गरेको थियौं। शिक्षक देवी प्रसाद |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रु.४,२७,५६०।-(चारलाख सत्ताइस हजार पाँच सय साठी) को दामासाहीले हुने रु.१,४२,५२०।- (एक लाख बयालिस हजार पाँचसय बीस रुपैयाँ) जरिवाना हुने, साथै सोही ऐन दफा ९ बमोजिम निजहरुलाई जनही ३(तीन) महिना कैद र जनही रू.१०,०००।-(दश हजार रुपैयाँ) जरिवाना हुने र अन्य प्रतिवादीहरु बेद बहादुर राना मगर, लक्ष्मी भण्डारी न्यौपाने, पदमपानी पाण्डे, सरस्वती पाण्डे, इश्वरा दर्लामी र बल बहादुर न्यौपानेलाई आरोप दावीवाट सफाई दिने ठहर गरि फैसला भएको देखिन्छ। | निकाली सम्वन्धित गाँउपालिकाले उपलब्ध गराएको राष्ट्रिय वाणिज्य, पूर्तिघाटको बैङ्क खातामा मिति २०८०/०३/३१ मा जम्मा गरेको देखिएको।<br>शिक्षकको हाजिरी प्रमाणित गरि रकम निकासा लिई खर्च लेख्ने लगायतको कामकारवाहीमा अन्य प्रतिवादीहरुको रहे भएको भन्ने मिसिल संलग्न कागजातहरुवाट खुल्न नसकेको। | पन्थ विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार मिति २०७८।०४।०१ गते देखि नियुक्त भएका थिए। निज हाजिर भएको अवस्था थिएन। मैले विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार कार्य गरेको हुँ भनी लेखाएको देखिन्छ। कालिगण्डकी गाउँपालिकाका अध्यक्ष बेद बहादुर थापाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष गरेको बयानमा कालिगण्डकी गाउँपालिकाको वडा नं. १ मा रहेको देउराली माध्यमिक विद्यालयले फर्जी कागज बनाई रकम माग गरेको नियम विपरीत भएको, उक्त विद्यालयमा अनुदान कोटा वितरण गर्न शिक्षा शाखाबाट मौखिक रुपमा प्रस्ताव भई कार्यपालिकाबाट निर्णय भएको हो। उक्त विद्यालयको प्र.अ.र लेखापालले सरासर फर्जी काम गरेको स्वीकारोक्ति गरेको पनि पाइन्छ। देवी प्रसाद पन्थ भन्ने व्यक्ति नै उक्त विद्यालयमा नभएकाले निजको काम कारवाही विषयमा अनुगमन भएन। गाउँपालिकालाई गुमराहमा राखी २ पटक सम्म फर्जी कागजात र विल भरपाई समेत बनाई तलब माग गरि निकाशा गरेको हुँदा उक्त रकम फिर्ता गर्नु परेको हो भनि उल्लेख गरेको देखिन्छ। विद्यालय व्यवस्थापन समितिको तत्कालीन सदस्य लक्ष्मी भण्डारी न्यौपानेको, सरस्वती पाण्डे ,पदमपानी पाण्डे समेतले अनुसन्धानको क्रममा बयान कागज गर्दा देवी प्रसाद पन्थ नियुक्त भएको मितिदेखि हालसम्म अध्यापन गराउनु भएको छैन भनी उल्लेख गरेको देखिन्छ.। यसरी निज देवी प्रसाद पन्थ विद्यालयमा नियुक्ति भई २०७८ पौषसम्म हाजिर रहेको भन्ने तथ्य देखाउन खोजेको भएतापनि यसरी अनुसन्धानको सिलसिलामा संकलित मिसिल संलग्न कालिगण्डकी गाउँ कार्यपालिकाको कार्यालय, गुल्मीबाट प्राप्त हुन आएको छानविन प्रतिवेदन तथा सोसँग सम्बन्धित कागजात, देउराली माध्यमिक विद्यालय, हर्मीचौर, गुल्मीको विद्यालय व्यवस्थापन समितिको निर्णय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलको स्थलगत मुचुल्का तथा अनुगमन प्रतिवेदन, प्रहरी चौकी श्रृङ्गा, गुल्मीको स्थलगत मुचुल्का, इन्टेलिजेन्स शाखाबाट प्राप्त CDR विवरण, देउराली माध्यमिक विद्यालय, हर्मीचौर, गुल्मीको लेखापरीक्षण प्रतिवेदन समेतका प्रमाण कागजहरुको आधारमा देउराली माध्यमिक विद्यालय, हर्मीचौरका तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र प्रसाद सापकोटा, सदस्यहरु बेद बहादुर राना मगर, लक्ष्मी भण्डारी न्यौपाने, पदमपानी पाण्डे, सरस्वती पाण्डे, इश्वरा दर्लामी र बल बहादुर न्यौपाने, देउराली माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका तत्कालीन सदस्य सचिव मित्रलाल पाण्डे, सहायक (लेखा) प्रेम नारायण पाण्डेय समेतले देवी प्रसाद पन्थ नाम गरेको व्यक्तिको कागजात लिई शिक्षकको रुपमा नियुक्ति भएको देखाई, झुट्टा हाजिरी विवरण, झुट्टा तलब बुझेको भरपाई समेत बनाई मिलेमतोमा गाउँपालिकाबाट तलब निकाशा गरी गराई रु.८,८७,८८०।- (अक्षेरेपि आठ लाख सतासी हजार आठ सय असी) हिनामिना गरेको तथ्य पुष्टि भई रहेको अवस्थमा उक्त प्रमाणको मुल्याङ्कन तथा बिश्लेषण नगरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवादीहरुलाई रोप दावीवाट सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>**ग.** देउराली माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र प्रसाद सापकोटा, सदस्यहरु बेद बहादुर राना मगर, लक्ष्मी भण्डारी न्यौपाने, पदमपानी पाण्डे, सरस्वती पाण्डे, इश्वरा दर्लामी र बल बहादुर न्यौपाने समेतका पदाधिकारीहरुले निज देवी प्रसाद पन्थ नाम गरेको व्यक्ति मिति २०७८।०४।०१ गतेदेखि उक्त विद्यालयमा अध्यापन कार्य नगरेको र रकम भुक्तानी लिने प्रयोजनको लागि नियुक्ति भएको देखाइएको मात्र हो भन्ने तथ्यमा साविति भई बयान गरेको देखिदा निज वेपत्ता शिक्षक देवी प्रसाद पन्थलाई नियुक्ति गरेको देखाइ निजको नामबाट रकम निकाशा गरि गराई विद्यालयमा नियुक्ति नै नभएको ब्यक्तिको शिक्षकको नमाबाट रकम हिनामिना गरेको  तथ्य स्थापित भएको देखिन्छ। निज देवी प्रसाद पन्थको नाममा विद्यालयमा तलब निकासा गर्दा तयार गरिएका नियुक्ति-पत्र, हाजिरी विवरण लगायतका कागजातहरु, मिति २०७८।०४।०१ गते देखि ऐ. मितिको पौष महिना सम्मको देवी प्रसाद पन्थको नामबाट हाजिरी गरिएको विवरण बनाई निजको शैक्षिक प्रमाणपत्र एवं नागरिकता समेतको प्रतिलिपि प्रयोग गरी गराई मिति २०७९।०३।१७ गते देवी प्रसाद पन्थको नामबाट रु.४,२७,५६०।- रकम एकमुष्ठ बुझेको भरपाई समेत बनाईएको देखिएकोबाट नियुक्ति नै नभएका व्यक्तिका नाममा तयार भएका पत्र, हाजिरी र रकम बुझेको भरपाई झुट्टा तथा कीर्ते हुन् भन्ने तथ्य पुष्टी भएको देखिन्छ। निज वेपत्ता शिक्षक देवी प्रसाद पन्थको नामबाट आर्थिक वर्षहरु २०७८।०७९ र २०७९।०८० मा क्रमशः रु.४,३२,०००।- र रु.४,५५,८८०।-  गरी जम्मा रु.८,८७,८८०।- (अक्षेरुपि आठ लाख सतासी हजार आठ सय असी) देउराली माध्यमिक विद्यालयको खातामा भुक्तानी भएको देखिन्छ भने विद्यालय व्यवस्थापन समितिका पदाधिकारी सहितका प्रतिवादीहरुले बयानको क्रममा उक्त रकम विद्यालयको आर्थिक अवस्था कमजोर भएका कारण विद्यालयमा लिने सहमती भएकाले देवी प्रसाद पन्थलाई शिक्षक नियुक्ति गरिएको कागजात बनाई विद्यालयमा रकम ल्याइएको हो, हिनामिना गरिएको होइन भनी बयानमा खुलाएको देखिन्छ । सो कार्यमा पहिलो पटक कालिगण्डकी गाउँपालिकाको गोश्वारा भौचर नं. ६८ बाट देउराली माध्यमिक विद्यालय, हर्मीचौर, गुल्मीमा रु.४,३२,०००।- रकम निकासा भएको देखिन्छ । उक्त रकमबाट देवी प्रसाद पन्थलाई मासिक रु.३५,९९०।- का दरले १२ महिनाको तलब भनी करकट्टी गरी रु.४,२७,५६०।- देवी प्रसाद पन्थलाई भरपाई गरी बुझाएको देखिने कागजात तयार गरे गराएको देखिन्छ। यसरी विद्यालयमा उपस्थित नभएको शिक्षकको नामवाट विद्यालय व्यवस्थापन समित समेतको सहमतिमा तलब निकासा गर्नु भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र दफा ९ बमोजिमको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | झुट्टा बिल, भरपाई बनाई भुक्तानी लिने दिने कार्य भएको स्पष्ट देखिदा देखिदै उक्त प्रमाणको न्यायिक विश्लेषण नगरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण देखिदा बदरभागी छ।<br>**घ.** शिक्षा नियमावली,२०५९ को दफा २२ (ङ)मा "सामदुायिक शिक्षकको नियुक्त सम्बन्धी व्यवस्था अन्तर्गत समदुायद्वारा सञ्चालित विद्यालयमा कुनै सामदुायिक शिक्षकको पद रिक्त हुन आएमा व्यवस्थापन समितिले त्यस्तो पद खुल्ला प्रतियोगिताबाट पूर्ति गर्नको लागि रिक्त पद संख्या, आवश्यक न्यूनतमम योग्यता, दरखास्त बुझाउने मिति, परीक्षा हुने मिति र स्थान समेतको विवरण समेत खुलाई कम्तीमा तीस दिनको म्याद दिई विज्ञापन गर्नु पर्नेछ र त्यसरी विज्ञापन भएको कुरा सबैले थाहा पाउने गरी सम्वन्धित विद्यालय, स्थानीय निकाय र जिल्ला शिक्षा कार्यालयको सूचना पाटीमा टाँस्नु पर्नेछ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। शिक्षा नियमावली २०५९ को नियम २५ सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार अन्तर्गत उपनियम (क) मा विद्यालय सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने, उपनियम (छ)मा नेपाल सरकारवाट स्वीकृत भएको दरवन्दीमा शिक्षकको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सोपद रिक्त भएको मितिले पन्ध्र दिन भित्र जिल्ला शिक्षा कार्यालयमा लेखि पठाउने भन्ने व्यवस्था उल्लेख गरिएको छ साथै सोही नियमवलीको उपनियम (ज) मा विद्यालयका शिक्षक तथा कर्मचारीहरुको हाजिरी जाँचगरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने तथा आवश्यकतानुसार आफ्नो राय सहितको प्रतिवेदन कारवाहीको लागि जिल्ला शिक्षा कार्यालयमा पठाउने भन्ने उल्लेख भएको छ। शिक्षा ऐन, २०२८ को दफा (१२).(६), शिक्षा नियमावली २०५९ को नियम २२ (ग), २५ (छ) (ज) र (९७) तथा शिक्षण अनुदान कार्यविधि २०७७ को दफा ७ मा ऐनले निर्दिष्ट गरेका काम,काम कर्तव्य र अधिकार भन्दा बाहिर गएर शिक्षक विज्ञापनको सूचना प्रकाशन नगर्ने, कुनै पनि परीक्षामा सहभागी नगराई विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरु कानून विपरित भई यि प्रतिवादीहरुले सरकारी सार्वजनिक रकम हानिनोक्सानी गरि भ्रष्टाचारजन्य कसूर गरेको तथ्य स्थापित भएको देखिदा देखिदै निज प्रतिवादीहरुलाई सफाई दिने गरि भएको फैसला त्रुटिपुर्ण देखिएकोले बदरभागी छ।<br>**ङ.** यसै सन्दर्भमा सर्वोच्च अदालतवाट पुनरावेदक/वादी श्री ५ को सरकार वि.प्रत्यर्थी/प्रतिवादी दयानिधि पंकज समेत भएको (निर्णय नं.७७०७ ने.का.प.२०६३ अङ्क ५) मुद्दामा भएको "भ्रष्टाचारको अपराधमा विगो असुल गर्ने मात्र कानूनको मनसाय होइन । समाजमा स्वच्छ प्रशासन कायम राखी उच्च नैतिकता कायम राख्न भ्रष्टाचारको कसूरमा अभियुक्तलाई कैद सजाय गरी deterent effect सिर्जना गर्ने समेतको ऐनको लक्ष्य र उद्धेश्य हुने भनि सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रस्तुत मुद्दाका प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन दफा ८ को |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | उपदफा (१) को देहाय (ङ) र दफा ९  को स्पष्ट अभियोग माग दावी भएको देखिदा देखिदै उक्त भ्रष्टाचार निवारण ऐन अनुसार नै प्रतिवादीहरुलाई सजाय गर्नु पर्नेमा सो ऐनको कसूर अपराधवाट सफाई दिने ठहराएको विशेष अदालतको फैसला उपरोक्त नजिर सिद्धान्त समेतको आधारमा त्रुटिपुर्ण देखिदा बदरभागी छ।<br>**च.** अतः जिल्ला गुल्मी, कालिगण्डकी गाउँपालिका अन्तर्गत वडा नं.१ मा रहेको देउराली माध्यमिक विद्यालय, हर्मीचौर, गुल्मीको माध्यमिक तह (कक्षा ९-१०) को अङ्ग्रेजी, गणित वा विज्ञान विषयको शिक्षण सिकाई अनुदान कार्यक्रम अन्तर्गत को रिक्त शिक्षक पदमा नियुक्ति गर्ने प्रयोजनको लागि आएको शिक्षण सिकाई अनुदानको रकम देउराली माध्यमिक विद्यालयले सो विद्यालयमा नियुक्ति नै नभएका सोही जिल्ला रुरुक्षेत्र गाउँपालिका ठेगाना भएका देवी प्रसाद पन्थ नाम गरेको व्यक्तिको नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी प्रचलित अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ अन्तर्गतको “सशर्त अनुदान” र ऐ. ऐनको ऐ. दफाको उपदफा (२) अनुसार “शर्तको पालना गर्नुपर्ने” मा सो नगरी शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि २०७७ को दफा ७ को “शिक्षक भर्ना सम्बन्धी व्यबस्था” को देहाय (क),(ख),(ग) बमोजिम गर्नुपर्नेमा सो नगरी शिक्षा, विज्ञान र प्रविधि मन्त्रालयबाट मिति २०७८।०६।३१ गते “स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका (आर्थिक वर्ष २०७८।०७९)” समेतले निर्दिष्ट गरेका प्रक्रियाको अनुशरण नगरी प्रचलित शिक्षा ऐन,२०२८ को दफा १२(१) बमोजिम “विद्यालय व्यवस्थापन समिति” रहने र सोहि ऐनको दफा १२(६) मा  “विद्यालय व्यबस्थापन समितिको काम, कर्तव्य र अधिकार” रहेकोमा सो अनुसार जिम्मेवारी बहन नगरी प्रचलित शिक्षा नियमावली, २०५९ को नियम ९४ मा “प्रधानाध्यापकको काम,कर्तव्य र अधिकार” रहेकोमा सो अनुसार नगरी ऐ. नियमावलीको नियम ९६क. मा “शिक्षक छनौट समिति” रहनुपर्नेमा सो बमोजिम नगरी ऐ. नियमावलीको नियम ९७ मा “करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यबस्था” बमोजिम शिक्षक नियुक्ति गर्नुपर्नेमा सो बमोजिम नियुक्ति नगरी शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि,२०७७ को दफा ७ मा “शिक्षक भर्ना सम्बन्धी व्यवस्था” अन्तर्गत खण्ड (क) मा “प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा नियुक्ति गर्नुपर्ने” मा नियम विपरीत निज देवी प्रसाद पन्थलाई नियुक्ति गरेको देखाई शिक्षक छनौटको कुनै कानूनी प्रक्रिया पूरा नगरी मिति २०७८।०३।१८ गतेको देउराली माध्यमिक विद्यालय व्यवस्थापन समितिको बैठकबाट शिक्षण सिकाई अनुदानबाट तलब भत्ता प्रदान गर्ने गरी योग्य, सक्षम र अनुभवी उम्मेदवार देवी प्रसाद पन्थलाई मिति २०७८ श्रावण १ गतेबाट नियुक्ति दिई काममा लगाउँने भनी बिना विज्ञापन, बिना प्रतिस्पर्धा, बिना निवेदन नियुक्ति गर्ने निर्णय गरी सोझै नियुक्ति भएको देखाई निज देवी प्रसाद पन्थ सोही मितिबाट विद्यालयमा हाजिर भएको भन्ने जानकारी कालिगण्डकी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गाउँपालिका,गुल्मीमा जानकारी गराई निजको नामको नियुक्ति पत्र, हाजिर भएको जानकारी पत्र, २०७८ साउन १ गते देखि पौष मसान्तसम्म हाजिर भएको हाजिरि गरी गलत हाजिरी विवरण समेत बनाई निज देवी प्रसाद पन्थको नामबाट कालिगण्डकी गाउँपालिका,गुल्मीबाट आ.व.२०७८।७९ मा रकम रु.४,३२,०००।- र आ.व.२०७९।८० मा रकम रु.४,५५,८८०।- गरी जम्मा रु.८,८७,८८०।- (अक्षेरेपि आठ लाख सतासी हजार आठ सय असी मात्र) रकम माग गरी निकासा गराई आ.व.२०७८।७९ मा प्राप्त भएको रकम रु.४,३२,०००।- मा देवी प्रसाद पन्थले मिति २०७९।०३।१७ गते रु.४,२७,५६०।- रकम बुझेको भनी गलत तलवी भरपाई बनाएको, निजको नामबाट सरकारी अनुदान लिएको देखिएता पनि प्रहरी चौकी श्रृङ्गा, गुल्मीबाट मिति २०८०।०४।१० गते स्थलगत सर्जमिन मुचुल्का भई जिल्ला प्रहरी कार्यालय, गुल्मीको मिति २०८०।०४।१९ गतेको पत्रसाथ सो मुचुल्का प्राप्त भई "निज देवी प्रसाद पन्थ मिति २०७७।०४।१५ गते बाट सम्पर्कमा नरहेको भनी उल्लेख भएको", आयोगको कार्यालय बुटवलबाट मिति २०८०।०८।२७ को स्थलगत सर्जमिन मुचुल्कामा "उक्त नाम गरेको व्यक्ति सो विद्यालयमा नियुक्ति भएको होईन, निजले अध्यापन कार्य गरेको हामीले देखेका होईनौं" भन्ने व्यहोरा उल्लेख भएकोमा हुँदै नभएको व्यक्तिको नाममा पुनः आ.व.२०७९।८० मा समेत सोही शीर्षकमा देउराली माध्यमिक विद्यालयमा रकम निकासा गराई शिक्षक नै नियुक्ति नगरी बदनियतपूर्वक प्रतिवादीहरुले खर्च गरेकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलमा मिति २०८०।०२।३२ गते उजुरी परेपश्चात मात्र उक्त रकम फिर्ता गरी माग गर्न छोडेको र सोपश्चात रकम निकासा समेत नगरेको देखिएकोमा सो कार्य ढाकछोप गर्ने गलत मनसाय राखी देउराली माध्यमिक विद्यालय व्यवस्थापन समितिको बैठकबाट मिति २०८०।०३।३१ गते निर्णय समेत गराई सो रकम रु.८,८७,८८०।- (अक्षेरेपि आठ लाख सतासी हजार आठ सय असी) कालिगण्डकी गाउँपालिका, गुल्मीमा फिर्ता गरी विगो रकम असुल भएतापनि सम्मानित सर्वोच्च अदालतबाट मुद्दा नं. ०७७-CR-००७६ को "सरकारी/सार्वजनिक सम्पत्ति बदनियतसाथ हिनामिना गरी भ्रष्टाचार गरेको" भन्ने मुद्दामा मिति २०८०।०३।२६ गतेको फैसलामा विगो असुल उपर भए पनी कसुर कायम गरी सजाय गर्नुपर्ने भनि प्रतिपादित सिद्धान्त बमोजिम सजाय गर्नु पर्नेमा उक्त प्रमाणलाई अनदेखागरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटीपूर्ण भएकोले सो फैसला बदर गरी निज प्रतिवादीहरु नगेन्द्र प्रसाद सापकोटा, मित्रलाल पाण्डे, प्रेम नारायण पाण्डेय, बेद बहादुर राना मगर,लक्ष्मी भण्डारी न्यौपाने, पदमपानी पाण्डे, सरस्वती पाण्डे, इश्वरा दर्लामी र बल बहादुर न्यौपानेलाई आरोप मागदाबी बमोजिम सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध छ त्रुटीपूर्ण हुँदा बदरभागी छ। |